**निर्णय नं. १:**

रत्ननगर न.पा. वडा नं. १२ बागदेवी टोल स्थित श्री बागदेवी आधारभूत विद्यालय पंचद्वीप आधारभूत विद्यालयमा समायोजन भई खाली रहेको साविक अनिवार्य नि:शुल्क प्राथमिक शिक्षालयको नाउँमा रहेको साविक पंचकन्या २ (हाल रत्ननगर १२) कि. नं. ६८४ ज. वि. २-१-१० (दुई विगाहा एक कठ्ठा दश धुर) जग्गामा पोखरा विश्व विद्यालयको आंगिक ईन्जिनियरिङ्ग कलेज स्थापना गर्ने सर्वपक्षीय सहमती भएको हुँदा वडा कार्यालय र सम्बन्धित विद्यालयको सहमतीको आधारमा उक्त जग्गा र उक्त जग्गामा बनेको संरचना पोखरा विश्व विद्यालयको नाममा नामसारी गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:**

खैरहनी र रत्ननगर नगरपालिकाको नगर प्रमुख स्तरमा भएको खोलाजन्य पदार्थ अवैधरुपमा चोरी निकासी गर्ने सवारी साधनहरुलाई तपसिल वमोजिम जरिवाना गर्ने भन्ने भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल:

जरिवाना तथा रोकका अवधि: पहिलो पटक

| क्र.सं. | सवारी साधनको किसिम | जरिवाना रकम | रोक्का अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | ट्र्याक्टर | २५,०००।- | १५ दिन | |
| २ | टिपर | ५०,०००।- | १५ दिन | |
| ३ | व्ल्याकहोल, लोडर, एक्साभेटर अन्य ठूला सवारी साधन समेत | १,५०,०००।- | १५ दिन | |

जरिवाना तथा रोकका अवधि: दोश्रो पटक (पटके)

| क्र.सं. | सवारी साधनको किसिम | जरिवाना रकम | रोक्का अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | ट्र्याक्टर | ५०,०००।- | १५ दिन | |
| २ | टिपर | १,००,०००।- | १५ दिन | |
| ३ | व्ल्याकहोल, लोडर, एक्साभेटर अन्य ठूला सवारी साधन समेत | ३,००,०००।- | १५ दिन | |

**निर्णय नं. ३:**

विपद व्यवस्थापन समितिबाट सिफारिस भएवमोजिम तपसिलका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**तपसिल:**

१. रत्ननगर वडा नं. ३ बस्ने मान बहादुर सार्कीलाई घर भत्किएकोले रु. १०,०००।-(दश हजार) सहयोग गर्ने ।
२. रत्ननगरर १० बस्ने रुपा देवी पाध्याको घर ग्याँस लिक भई आगलागी भएकोले रु. १०,०००।-(दश हजार) सहयोग गर्ने ।
३. रत्ननगर ९ बस्ने रामु महतोको घरको छाना भत्किएकोले रु. १०,०००।-(दश हजार) सहयोग गर्ने ।

**निर्णय नं. ४:**

रत्ननगर खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको विधान संसोधनका लागि माग भैआएकोले उक्त प्रस्तावित संसोधित विधानलाई रत्ननगर नगरपालिकाको संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन, २०७८ वमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:**

रत्ननगर न. पा. वडा नं. ९ स्थित पशुहाटमा रहेको टहरा भाडामा लगाउने सम्बन्धमा सूचना प्रकासन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:**

नगरपालिका कार्यालय परिसरमा रहेको लाईब्रेरी पूर्वाधार निर्माणका लागि नगरपालिका विशेष कोषबाट रु. ५,००,०००।- (पाँच लाख) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:**

रत्ननगर न.पा. वडा नं. १२ निवासी श्री शैलेश गौलीले (प्रो.एस फोर प्लस निर्माण सेवा प्रा. लि.) घ वर्गको लाईसेन्सको लागि अनुमती माग गरेकोमा आवश्यक सबै प्रक्रिया र मापदण्ड पुरा गरेकोले उक्त कम्पनीलाई "घ" वर्गको लाईसेन्स प्रदान गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ८:**

कार्यालय पार्टेसन तथा शौचालय निर्माणका लागि ल. ई. वमोजिमको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:**

आ. व. २०७८।०७९ को नगर गौरवको योजना अन्तर्गत विपन्न वर्गको आय आर्जनको लागि गाई वितरणका लागि विनियोजित रकमबाट कार्यक्रम संचालन गर्न ईच्छुक कृषकहरुसंग निवेदन माग गरिएकोमा पर्याप्त निवेदन नपरेकोले पुन: १५ दिनको लागि सूचना प्रकासन गर्ने र निम्नानुसार गाई वितरणका लागि कृषक छनौट समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

वडा अध्यक्ष (वडा नं.३) श्री गुप्तनाथ भट्टराई - संयोजक

सम्वन्धित वडाका वडा अध्यक्ष -सदस्य

कृषि विकास शाखा प्रमुख - सदस्य

पशुपन्क्षी विकास शाखा प्रमुख - सचिव

**निर्णय नं. १०:**

रत्ननगर न.पा. वडा नं. ६ स्थित ड्याक बनेको स्थलबाट ५०० मिटरसम्म ठूलो राप्ती किनारको र सपना भिलेज बुढी राप्ती खोला किनारमा रिक्रिएसन सेन्टर (मनोरन्जनात्मक करिडोर) निर्माणका लागि नगर विकास कोषलाई DPR(Detail Project Report) अनुदान लागत सहभागीतामा निर्माण गरिदिन अनुरोध गर्ने निर्णय गरियो ।